नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
# विज्ञापन बोर्ड
बबरमहल, काठमाण्डौं, नेपाल

सम्पर्क नं.०१-५९०९३४४

प.सं. ०७९।८०
च.नं. ३२२

मिति:२०७९।११।२६

श्री सम्पादकज्यू/प्रकाशकज्यू/सञ्चारगृह
वर्गीकरणमा परेका सवै पत्रपत्रिकाहरु।

विषय: २०७९ साल चैत्र महिनाको लागि लोककल्याणकारी विज्ञापन पठाइएको।

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ३२ र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६ बमोजिम छापामाध्यमबाट लोककल्याणकारी विज्ञापन प्रकाशन गर्ने प्रयोजनको लागि आ.ब. २०७६/७७ को वर्गीकरणमा परेका पत्रपत्रिकाले २०७९ साल चैत्र महिनामा संलग्न बमोजिमका विज्ञापन प्रकाशनको लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ। बोर्डबाट उपलव्ध गराइएको लोककल्याणकारी विज्ञापन प्रकाशन गर्दा देहायबमोजिम गर्नु गराउनुहुन समेत अनुरोध छ। सो बमोजिम नभएमा लोककल्याणकारी विज्ञापन प्रकाशन बापतको रकम भुक्तानी नहुने व्यहोरा समेत अनुरोध छ।

तपसिल:

१. पत्रसाथ उपलव्ध गराइएका विज्ञापनहरु २०७९ चैत्र महिनाको लागि भएकोले सोही महिनामा मात्र प्रकाशन गर्नु हुन।
२. विज्ञापन प्रकाशन गर्दा फरक अंकमा नदोहराइकन फरक फरक विज्ञापन प्रकाशन गर्नुहुन अर्थात महिना भरीमा एउटा विज्ञापन एक पटक मात्र प्रकाशन गर्नुहुन।
३. चैत्र महिनाको विज्ञापन प्रकाशन गरेपछि विज्ञापन प्रकाशन गरिएका पत्रपत्रिका र बील चैत्र महिनामा नै वा २०८० साल बैशाख महिनाको ७ गतेभित्र अनिवार्यरुपमा बोर्ड/हुलाक निर्देशनालय/कार्यालयमा पेश गर्नुहुन।

नोट: संलग्न विज्ञापन मध्ये सि.नं. १-४ को विज्ञापन दैनिक पत्रपत्रिकामा एयर प्यानलमा प्रकाशनको लागि राखिएको।

११।२६
(दिनेश लुईटेल)
शाखा अधिकृत

बोधार्थ/कार्यार्थ
निर्देशनालय, मोरङ्ग, कास्की, सुर्खेत, डोटी ।
श्री सवै जिल्ला हुलाक कार्यालयहरु( काठमाडौ, ललितपुर र भक्तपुर वाहेक) ।

CamScanner

- मदिरा तथा सुर्तिजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक छन्।
- यस्ता वस्तुको उपभोग नगरौं/नगराऔं।
- मदिरा तथा सुर्तिजन्य पदार्थको विज्ञापन गर्न नपाइने कानूनी व्यवस्था छ।
- कानूनको पूर्णरुपमा पालना गरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

- विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारण आचारसंहिता, २०७९ को पालना गरौं।
- विज्ञापन व्यवसायलाई स्वच्छ र पारदर्शी बनाऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड

- सूचना प्राप्त गर्दा आधिकारिक माध्यमबाट प्राप्त गरौं।
- भ्रमपूर्ण र मिथ्या सूचनाबाट भ्रमित नहोऔं।
- सूचना प्रवाह गर्दा तथ्यजाँच गरी सही सूचना प्रवाह गरौं।
- अनधिकृतरुपमा सूचना प्रयोग नगरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

गर्मी याममा,

- झाडापखाला, वान्ता, आउँ, जण्डिस, टाईफाइडलगायत रोगको जोखिम बढी हुन्छ।
- लामखुट्टे, झिँगा, भुसुना आदिबाट रोग सर्न सक्दछ ।

त्यसैले, व्यक्तिगत सरसफाई र जनस्वास्थ्यका मापदण्ड पालना गरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

# सचेत नागरिकको पुण्य काम, मृत्युपछि अंगदान।

- मानिस जीवित हुँदा आफैंले र मृत्युपछि आफन्तले अंगदान गर्न सक्छन्।
- मृत शरिरको दुईवटा मृगौला, दुईवटा फोक्सो, मुटु, कलेजो, प्याङक्रियाज र सानो आन्द्रासमेतको अंगदान गरी आठ जनासम्मको ज्यान बचाउन सकिन्छ।
- मस्तिष्क मृत्यु (Brain Death) भएका व्यक्तिको पनि अंग लिन मिल्छ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौ र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोगरी निभाऔं,
- हाम्रो सानो असावधानीले जंगलमात्र होईन आसपासका वस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोवाट आफू पनि वचौ र अरुलाई पनि बचाऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड

# सचेत रही ग्याँसको प्रयोग गरौं, दुर्घटनाबाट बचौं।

- ग्याँसको चुल्हो बालेर भान्सा छाडी टाढा नजाऔं।
- प्रयोग गरिसकेपछि ग्याँसको चुल्हो र रेगुलेटर बन्द गरौं।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर राखौं।
- ग्याँस सिलिन्डर, रेगुलेटर र पाइप समय-समयमा जाँच गरौं, कुनै खराबी वा टुटफुट भए तुरुन्त फेरौं।
- ग्याँस सिलिण्डर लिँदा सिल भए/नभएको तथा सिलिण्डरको समायवधि अनिवार्यरुपमा हेर्ने गरौं।
- तौल कम भएको, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर घरमा नल्याऔं।
- ग्याँस गन्हाएको बेला बिजुलीको स्वीच, सलाई, लाईटरको प्रयोग नगरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# हावाहुरीबाट बचौं र बचाऔं ।

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

**हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।**

नेपाल सरकार

विज्ञापन बोर्ड

# चट्याङबाट आफू बचौं र अरुलाई पनि बचाऔं।

## चट्याङबाट बच्न

**घरबाहिर हुनुहुन्छ भने,**

- अग्लो र एक्लो रुखमुनि नबस्ने,
- पौडिने, माछा मार्ने तथा र्‍याफ्टिङजस्ता क्रियाकलाप नगर्ने,
- खुल्ला मैदानमा नबस्ने,
- धातुबाट बनेका तारबार नजिक नबस्ने,

**घरभित्र हुनुहुन्छ भने,**

- विद्युतीय सामग्रीहरू जस्तै टीभी, कम्प्यूटर, फ्रिज, वासिङ मेसिन नजिक नबस्ने र प्रयोग नगर्ने,
- तारसहितको टेलिफोन (ल्याण्डलाईन) प्रयोग नगर्ने,
- घरबाट बाहिर ननिस्किने,
- धारामा नुहाउने, लुगा धुने र भाँडा माझ्ने काम नगर्ने।

नेपाल सरकार

विज्ञापन बोर्ड

# आगलागीबाट सावधानी अपनाऔं।

निम्न कारणबाट आगलागी हुनसक्छ,

- आगोको प्रयोगमा होसियारी नअपनाउँदा ।
- प्रज्वलनशील वस्तुको उचित प्रयोग नगर्दा,
- हुरी बतास चल्दा,
- प्रयोगपछि आगोको उचित व्यवस्थापनमा लापरबाही गर्दा,
- चट्याङ पर्दा तथा बिजुलीका तार सर्ट हुँदा ।

त्यसैले, सचेत रहौं, आगलागीबाट बचौं र बचाऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड

# जातीय विभेदको अन्त्य गरौं

- जातीय आधारमा नभई मानिसको ज्ञान, सीप र कर्मको कदर गरौं।
- मानिसको श्रेष्ठता उसको आचरणले निर्धारण गर्दछ।
- कर्मद्वारा मानिसको श्रेष्ठता कायम गरौं।
- जातीय विभेदले पैदा गरेको अन्धविश्वासमा नपरौं।
- छुवाछुत र भेदभावजन्य कार्य दण्डनीय हो, सचेत रहौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

# सार्वजनिक सेवालाई पारदर्शी बनाऔं।

- सार्वजनिक निकायका कामकारवाहीलाई पारदर्शी बनाऔं।
- सेवाग्राहीले सहज र सरलरुपमा सेवा लिनसक्ने व्यवस्था मिलाऔं।
- आधिकारिक सेवा प्रदायकबाट सेवा लिऔं, विचौलियामार्फत काम नगरौं।
- सकेसम्म सेवाग्राही आफैले सेवा प्राप्त गर्ने गरौं।

सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड

# सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।

- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं।
- सार्वजनिक सम्पत्ति स्याहार संभार गरी साझा हितमा प्रयोग गरौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको कर्तव्य हो।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानूनी रुपमा दण्डनीय हुन्छ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो।

नेपाल सरकार

विज्ञापन बोर्ड

# शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं

- खुल्ला स्थानमा दिसापिसाब नगरौं।
- शौचालयमा मात्र दिसापिसाब गरौं।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
- सफा कपडा वा तौलियाले हात पुछौं।

जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड